नेपाल सरकार

# स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# स्वास्थ्य सेवा विभाग

टेकु, काठ्माडौं

## आकस्मिक बाढीको प्रतिकार्यका प्रमुख गतिविधिहरूको प्रतिवेदन

प्रतिवेदन अवधिः २ आश्विन २०८३

प्रतिवेदन नं : २१

### व्यवस्थापन महाशाखा

- व्यवस्थापन महाशाखाबाट विपद् प्रभावित क्षेत्रमा स्वास्थ्य सेवा सञ्चालनका लागि आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीको मौज्दात व्यवस्थापन, प्राप्ति तथा मागअनुसार विभिन्न स्वास्थ्य संस्था/स्वास्थ्य शिविरमा वितरण तथा आपूर्ति गरिएको। विस्तृत विवरण उपलब्ध रहेको

| विषय | मुख्य विवरण |
|---|---|
| **मुख्य सहयोगी संस्था** | **आज कुनै स्वास्थ्य सामग्री प्राप्त भएको छैन।** |
| **वितरण गरिएको सामग्री** | विभिन्न स्वास्थ्य संस्था तथा सेवाका लागि कुल **१,११,५०२ इकाइ** औषधि तथा स्वास्थ्य सामग्री पठाइएको |
| **मुख्य प्राप्तकर्ता** | स्वास्थ्य कार्यालय भक्तपुर, PPHL धुलिखेल, HLMC हेटौंडा, स्वास्थ्य कार्यालय बागलुङ, महेन्द्ररत्न क्याम्पस तथा बाढी प्रभावित ज्येष्ठ नागरिकका लागि Nepal Senior Care |
| **मुख्य वितरण सामग्री** | **Chlorine Tablet** १,०८,०००, Malaria RDT १,०००, Dengue Test Kit ९००, Scrub Typhus Rapid Test Kit ७००, Kala-azar Test Kit ५००, Mask २०० तथा Examination Gloves २०० |
| **विशेष सहयोग** | बाढी प्रभावित ज्येष्ठ नागरिकका लागि **Nepal Senior Care** लाई **Wheelchair** १ थान उपलब्ध गराइएको |
| **मौज्दात अवस्था** | २०८३/०६/०१ साँझ ५ बजेसम्म स्वास्थ्य सेवा विभागमा मौज्दात रहेका औषधि तथा स्वास्थ्य सामग्रीको विवरण ९०३ **अभिलेखमा** रहेको |

## इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

- प्रभावित क्षेत्रमा SORMAS मार्फत ज्वरो तथा झाडापखालाजन्य केसहरूको नियमित अनुगमन जारी, विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको
- होल्डिङ सेन्टर र सेल्टरहरुबाट गत २४ घण्टामा कुल १० वटा केस रिपोर्ट भएका छन्:
    - ३ वटा Fever
    - ६ वटा Fever with Cough
    - ० वटा Fever with Rash
    - १ वटा Acute Gastroenteritis (AGE)
    - जनावरको टोकाइको केस रिपोर्ट नभएको
- सम्बन्धित स्थानीय तहबाट ज्वरो तथा झाडापखालाजन्य केसहरूको उचित व्यवस्थापन भइरहेको।
- नोटः जनस्वास्थ्य सम्बन्धि उपायहरु अपनाइनुका साथै थप अनुसनधान थथा अनुगमन कार्य भइरहेको।

## बाढी प्रभावित क्षेत्रमा अपाङ्गता व्यवस्थापन तथा पुनर्स्थापना सेवा

**मुख्य तथ्याङ्कः**

- कुल अपाङ्गता भएका व्यक्ति मूल्याङ्कन गरिएकोः १६० जना (रसुवा ४७, नुवाकोट १०१, धादिङ १२)
- हाल विस्थापितः ७९ जना (४९.४%)
- हराएका/सम्पर्कविहीनः १० जना
- मृत्यु पुष्टिः ७ जना
- घाइते/गम्भीर रिफरल आवश्यकः ४ जना (३ घाइते, १ जनालाई तत्काल रिफरल चाहिने)

**अपाङ्गताको प्रकारः** शारीरिक अपाङ्गता (८०) सबैभन्दा धेरै, त्यसपछि सुनाइ सम्बन्धी (३०), दृष्टि सम्बन्धी (१९), बौद्धिक अपाङ्गता (९)। बाँकीमा मानसिक/मनोसामाजिक, बहु-अपाङ्गता, दृष्टि-श्रवण (deafblind) र बोली सम्बन्धी अपाङ्गता समावेश।

हालको मुख्य आवश्यकताः

- सुरक्षित आवास (accessible shelter) – ५३ जना (३३.१%) ' सबैभन्दा प्राथमिकता
- नगद सहायता — २० जना (१२.५%)
- खोजी/ट्रेसिङ — १५ जना (९.४%)
- उद्धार/स्थानान्तरण — १५ जना (९.४%)
- लुगा/ओछ्यान — १४ जना (८.८%)

सहायक उपकरण (**Assistive Device):**

- नयाँ उपकरण आवश्यकः २९ जना, मर्मत आवश्यकः १ जना, स्थिति यकिन हुन बाँकीः ७ जना, आवश्यक नपर्नेः ९५ जना (२८ जनाको रेकर्ड हुन बाँकी)

भइरहेको प्रतिक्रिया कार्यः

- अपाङ्गता हेल्प डेस्क स्थापना, हालसम्म २२०+ सहायक उपकरण वितरण
- पुनर्स्थापना जनशक्ति परिचालन (फिजियोथेरापी, CBR सुविधाकर्ता)
- DHIS2 ट्र्याकरमा अपाङ्गता तथा पुनर्स्थापना डाटा एकीकरण
- कुष्ठरोग (Leprosy MDT) प्रभावित व्यक्तिको अनुगमन

प्राथमिकता (**Action Priorities):**

1. सुरक्षित अस्थायी आवास तथा WASH – ५३ जनालाई
2. औषधि उपलब्धता सुनिश्चित (self-care/psychological support)
3. पुनर्स्थापना/सहायक उपकरण मूल्याङ्कन र प्रवाह
4. आधारभूत राहत (लुगा, खाना, सुरक्षित पानी)
5. विशेषज्ञ रिफरल (पुनर्स्थापना, औषधि, स्याहारकर्ता, सञ्चार सहायता)


**GOVERNMENT OF NEPAL**
**MINISTRY OF HEALTH AND FOOD SAFETY**
**DISABILITY MANAGEMENT AND REHABILITATION SERVICES FLOOD RESPONSE**
**Bhotekoshi Flash Flood • Rasuwa, Nuwakot and Dhading Districts**

Reporting date
17 September 2026

| DISASTER TYPE | RESPONSE AREA | PERSONS WITH DISABILITY ASSESSED: 160 | ASSESSMENT PERIOD |
|---|---|---|---|
| Flash flood in Bhotekoshi | Rasuwa • Nuwakot • Dhading Chitwan | Rasuwa:47 • Nuwakot:101 • Dhading: 12 | 2–13 September 2026 |

## MAJOR FINDINGS

### 01 DISABILITY TYPE




Remaining: 5 Mental and Psychosocial disabilities, 3 with multiple disability, 9 Unspecified disabilities, 1 Deafblind disability and 4 speech disability

### 02 MAIN SUPPORT NEEDED NOW

**Accessible shelter is the top need**

- Accessible shelter 53 (33.1%)
- Cash assistance 20 (12.5%)
- Tracing / search 15 (9.4%)
- Rescue / relocation 15 (9.4%)

*Clothing, blankets or bedding: 14 people (8.8%).*

### 03 ASSISTIVE DEVICE STATUS

**30 people need a new or repaired device**

- New device needed 29 (18.1%)
- Repair needed 1 (0.6%)
- Status pending 7 (4.4%)
- No device needed 95 (59.4%)

*Status was not recorded for 28 people; follow-up is required.*

### CURRENT STATUS | Immediate protection picture

| | |
|---|---|
| 79 | **Displaced**<br>49.4% of all assessed people |
| 10 | **Missing / unreachable**<br>Immediate tracing and family contact |
| 7 | **Confirmed deaths**<br>Protection-sensitive family follow-up |
| 4 | **Injured / severe referral**<br>Three injured; one needs urgent referral |

**Protection priority** : Confirm safety ,location and family contact for all missing or unreachable people

### Response

- Establishment of Disability help desk
- Number of Assistive Device provided- > 220
- Rehabilitation workforce mobilization – Physiotherapy provided to all in need CBR facilitators
- Need assessment related to rehabilitation services to develop interim guideline on rehabilitation services
- Case based line listing of Person with disabilities and their need
- Disability and Rehabilitation data integration in DHIS 2 Tracker
- Situation assessment and monitoring of Person affected by Leprosy MDT provided based on the needs

### Functional needs and response focus

| | |
|---|---|
| 57 need mobility/body-movement support | 20 need hearing support; 16 need vision support |
| 10 need caregiver support; 8 need rehabilitation | 7 need regular or emergency medication |


| | |
|---|---|
| 1 | **Accessible shelter and WASH** — Prioritize and provide 53 people who needs accessible temporary shelter as their immediate need. |
| 2 | Self-care, psychological support and daily medication- ensure all the required medication is available. |
| 3 | **Rehabilitation / Assistive devices** — Assess, procure or repair devices for people who need services based on the need. Provide basic rehabilitation services from the health facilities. |
| 4 | **Basic relief** — Clothing/bedding, food and safe water assistance. |
| 5 | **Specialized referrals** — Connect people needing rehabilitation, medication, caregivers and communication support. |


## मनोसामाजिक परामर्श


- नुवाकोट, रसुवा, काठमाडौं, धादिङ्गका २९ वटा होल्डीङ्ग केन्द्रमा सम्पूर्ण बाढी प्रभावितलाई MHPSS तथा PFA सेवा प्रदान गरिएको छ।
- नसर्ने रोग रोकथाम सम्बन्धी सेवाहरूको समन्वयका लागि बहुसरोकारवाला समन्वय गरि आगामी कार्यहरुलाई योजना निर्माण क्रममा रहेको छ।
- बाढी प्रभावित क्षेत्रमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सम्पन्न मनोपरामर्श दाताहरूको आचार संहिता निर्माण गरिएको छ ।
- मानसिक स्वास्थ्यसम्बन्धी IEC सामग्री वितरण तथा विशेषज्ञ सेवाका लागि रेफरल प्रणाली सुदृढीकरण भइरहेको छ।
- मनोचिकित्सक तथा क्लिनिकल मनोविद्सहितको विशेषज्ञ टोलीद्वारा मानसिक स्वास्थ्य सेवा आवश्यकताको पहिचान, मूल्याङ्कन तथा आवश्यक सहायता प्रदान भइरहेको छ।

- मानसिक स्वास्थ्य हेल्पलाइन तथा अनलाइन रिपोर्टिङ प्रणाली मार्फत सेवा, अनुगमन तथा समन्वयलाई निरन्तरता दिइएको छ।


## १. मनोसामाजिक परामर्श











२. मनोचिकित्सक सहितको मानसिक स्वास्थ्य टोली परिचालनः



## परिवार कल्याण महाशाखा

- नुवाकोट र रसुवा जिल्लाका प्रभावित क्षेत्रका गर्भवती, सुत्केरी महिलाहरुको अवस्थाबारे फोन फलोअप गरि अवस्थाको जानकारी लिनेकाम गरियो । आबश्यकता अनुसारको सेवा, सल्लाह र काठमाडौंमा भएका अस्पतालहरु संग समन्वय गरि प्रेषण सम्बन्धि समन्वय गर्ने कार्य सम्पन्न

**पोषण कार्यक्रम**

रसुवा, नुवाकोट तथा धादिंग मा पोषण क्लस्टरको बैठक बसी पोषण प्रतिकार्य सम्बन्धि योजना बनेको छ।

- रसुवामा पोषण लेखाजोखा को अभिमुखीकरण सम्पन्न
- OTC हरूको असेसमेन्ट भईरहेको

## खोप तथा खोपद्वारा रोकथाम गर्न सकिने रोग )VPD) निगरानी अद्यावधिक:

- रसुवा र नुवाकोटका बाढी प्रभावित सबै पालिकामा **हैजाविरुद्धको खोप (OCV) अभियान सञ्चालन भइरहेको।**
- स्वास्थ्यकर्मी, उद्धार टोली तथा घाइते व्यक्तिहरूका लागि **टिटानस–डिफ्थेरिया (Td) खोप** तथा अग्रपंक्तिका प्रतिकार्यकर्तालाई आवश्यक प्राविधिक सहयोग प्रदान भइरहेको।
- **आजको दिनसम्म रसुवामा १५८१२ र नुवाकोटमा ४३९२० जनाले OCV खोप लिएका (क्रमशः ५०% र ५७% कभरेज)।**

| Districts | Municipality Name | Vaccination Progress 1 – 5 years Female | 1 – 5 years Male | 5 years and above Female | 5 years and above Male | Total | Sum Total (%) |
|---|---|---|---|---|---|---|---|
| Rasuwa | Gosaikunda Rural Municipality | 82 | 94 | 1325 | 1198 | 2699 | 15812 (50) |
| | Uttargaya Rural Municipality | 121 | 118 | 1794 | 1486 | 3519 | |
| | Amachodigmo Rural Municipality | 137 | 185 | 1515 | 1493 | 3330 | |
| | Kalika Rural Municipality | 224 | 231 | 3119 | 2690 | 6264 | |
| Nuwakot | Bidur Municipality | 926 | 1085 | 16942 | 14483 | 33472 | 43920 (57) |
| | Belkotgadhi Municipality | 176 | 214 | 2909 | 2349 | 5648 | |
| | Kispang Rural Municipality | 40 | 47 | 969 | 925 | 1981 | |
| | Tarkeshwor Rural Municipality | 47 | 66 | 1509 | 91197 | 2819 | |

WHO-IVD SIMOs and UNICEF Staffs are continuously supporting the supervision and monitoring of the ongoing immunization campaign in both districts along with support for post campaign data compilation.
RCCE activities are ongoing with NHEICC and UNICEF to enhance community awareness and support response interventions.

- रसुवाका गोसाइँकुण्ड, उत्तरगया र आमाछोदिङ्मो गाउँपालिकामा ८२१ जनाले **Td खोप** तथा नुवाकोटमा APF मेडिकल टोलीमार्फत ११३ जनाले **TT खोप** प्राप्त गरेका।

| District | Municipality Name | Vaccination Progress | | | |
|---|---|---|---|---|---|
| | | Td | | TT | |
| | | Female | Male | Female | Male |
| Rasuwa | Gosaikunda Rural Municipality | 74 | 192 | | |
| | Uttargaya Rural Municipality | 126 | 178 | | |
| | Amachodigmo Rural Municipality | 60 | 179 | | |
| | Kalika Rural Municipality | 4 | 8 | | |
| Nuwakot | Bidur Municipality | | | 15 | 98 |

- नुवाकोट र रसुवामा **MR खोप अभियानका लागि तयारी** तथा धादिङ, चितवन र गोरखाका बाँकी प्रभावित वडामा OCV अभियान सञ्चालनका लागि तयारी कार्य अघि बढाइएको।
- WHO र UNICEF बाट नियमित खोप सत्रको अनुगमन, OCV/Td अभियानको सुपरिवेक्षण तथा अभियानपश्चात् तथ्याङ्क व्यवस्थापनमा निरन्तर प्राविधिक सहयोग भइरहेको।



*घरदैलो अभियानका क्रममा ओसीभी (OCV) खोप लिँदै गरेकी १०२ वर्षकी एक स्थानीय ज्येष्ठ नागरिक, २५ परिवारको क्षमता भएको नवनिर्मित अस्थायी शिविरमा साझेदारहरूद्वारा गरिएको संयुक्त निरीक्षण, सञ्चालन भइरहेको ओसीभी (OCV) अभियानको अनुगमन, भीपीडी (VPD) निगरानीसम्बन्धी अभिमुखीकरण कार्यक्रममा सहभागी भएका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू (FCHVs)*

अनुसुची

**SORMAS को Daily Surveillance Report Module मा पछिल्लो २४ घण्टामा प्रतिवेदन भएका संक्रामक रोग भएका होल्डिङ सेन्टरहरु**

१ आश्विन १:०० देखि २ आश्विन १२:५९ सम्म

## Cases reported by each shelter, by date

Every holding centre that reported at least one case in the period, plus centres the registry holds at a population of 0.

| | Population | 17 Sep | Total |
|---|---|---|---|
| Ayurveda Alternative Hospital | 45 | 7 | 7 |
| Nepal Red Cross Society (RCEC Clinic) | — | 2 | 2 |
| Cuvert Halll Battar | 171 | 1 | 1 |
| Trishuli Basic School. | 0 | N/A | 0 |
| Sundari Kyaurini Secondary School | 0 | N/A | 0 |

आश्रयस्थलहरू क्रमशः बन्द हुँदै गएकाले त्यहाँबाट उपचार आवश्यक भएका केसहरूलाई आयुर्वेद तथा वैकल्पिक चिकित्सालयतर्फ रिफर/पठाउने कार्य भइरहेको छ।